# म्याग्दे गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः३ संख्याः४ प्रकाशन मितिः

**भाग-२**

**मातृ तथा नवशिशु स्याहार मोडेल कार्यक्रम संचालन सम्बन्धी कार्यविधि-२०७७**

प्रमाणिकरण मितिः२०७७/१०/१८

# मातृ तथा नवशिशु स्याहार मोडल कार्यक्रम सञ्चालन सम्वन्धी कार्यविधि, २०७७

कार्यपालिकामा पेश भएको मिति :२०७७/१०/१८
प्रमाणीकरण मिति : २०७७/१०/१८

<u>प्रस्तावनाः</u>

म्याग्दे गाउँपालिकाको क्षेत्र भित्र मातृ तथा शिशु स्वास्थ्य र पोषण प्रवर्द्धन एवं व्यवस्थापन गर्न, स्वास्थ्य क्षेत्र सुद्धिढ गर्न तथा सुरक्षीत प्रसुति तथा कुपोषणमुक्त वालवालीका विकाश गर्न र मातृ मृत्युदर घटाउन आवश्यक कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,
म्याग्दे गाउँपालिका गाउ कार्यपालीका को वैठक ले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार अर्न्तगत पारित म्याग्दे गाउँपालिका भित्र स्थायी रुपमा वसोवास गर्ने गर्भवती महीलालाई पोषण सहित सुरक्षीत प्रसुति सेवा प्रदान गर्ने उद्धेश्यले मातृ तथा नवशिशु स्याहार मोडल कार्यक्रम सञ्चालन कार्यविधि २०७७ बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : १) यस कार्यविधिको नाम म्याग्दे गाउँपालिकाको मातृ तथा नवशिशु स्याहार मोडल कार्यक्रम सञ्चालन कार्यविधि २०७७ रहेको छ ।
२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अको अर्थ नलागेमा यस कार्यविधिमा

(क) "संविधान " भन्नाले नेपालको संविधान सम्झनु पर्दछ ।

(ख) " गाउँपालिका " म्याग्दे गाउँपालिका सम्झनु पर्दछ ।

(ग) "अध्यक्ष " भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।

(घ) "उपाध्यक्ष" भन्नाले गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्दछ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानिय सरकार सञ्चालन ऐनको दफा ८४ वमोजिमको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(च) "कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

(छ) "गाउँ सभा" भन्नाले संविधानको धारा २२२ को उपधारा (१) वमोजिम गाउँसभा सम्झनु पर्छ ।

(ज) कार्यक्रम योजना" भन्नाले मातृ तथा नवशिशु स्यार मोडल कार्यक्रम विषेश अनुदान संघ, प्रदेश र गाउँपालिका वाट तय गरीने कार्यक्रम समेत लाई जनाउछ ।

(झ) "वडा" भन्नाले गाउँपालिकाका वडा सम्झनु पर्छ ।

(ञ) "वडा अध्यक्ष" भन्नाले वडाको अध्यक्ष सम्झनु पर्छ ।

(ट) "सदस्य" भन्नाले गाउँपालिकाको वडा सदस्य सम्झनु पर्दछ ।

(ठ) "वडा समिति" भन्नाले गाउँपालिकाको वडा समिति सम्झनु पर्दछ ।

(ड) "मातृ शिशु स्याहार" भन्नाले गाउँपालिका, भित्र रहेका लक्षीत गर्भवती, तथा सुत्केरी महीला र नवजात शिशुको स्याहार संरक्षण र सहयोग ब्यबस्थापन लाई जनाउदछ ।

(ढ) "लक्षीत वर्ग " भन्नाले गरीव, विपन्न, दलीत, असहाय, वेसाहारा, न्युन आय रोजगार विहिन, एकल अशक्त अपाङ्ग प्रकृतिको पारीवारीक अवस्था मा रहेको गर्भवती तथा सुत्केरी महिला लाई जनाउछ ।

(ण) "लक्षीत वर्ग व्यक्ति" भन्नाले म्याग्दे गाउँपालिका भित्र स्थायी वा अस्थायी ठेगाना भई गाउँपालिका भित्र रही बसेका गर्भवती महिला तथा निजवाट कार्यक्रम लागुहुने समय पश्चात जन्मने ६ महिना भित्रको शिशु दुवै लाई जनाउछ ।

म्याग्दे गाउँपालिका, तनहुँ

(त) अस्पताल तथा स्वास्थ्य सस्था भन्नाले” यस कार्यक्रम को प्रकृति तथा संवेदनशिलता ले गर्दा यस गाउँपालिका भित्र रहेको १० शैया को निर्माणधिन थर्पु अस्पताल र जामुने कोभिड अस्पताल लाई मात्र जनाउछ ।

(थ) खर्च को मापदण्ड तथा नर्म्स भन्नाले” दफा ३ अर्न्तगत अनुसूची१ मा भएको खर्च नर्म्स लाई जनाउछ

(द) कार्यक्रम अवधि भन्नालेः– पहिलो चरण यही मिति २०७७।१०।२० देखी २०७८।३।२५ सम्म को अवधि र त्यसपछी पुरै आर्थिक वर्षको समयलाई जनाउछ ।

(ध) लक्षीत वर्ग कार्यक्रम सहभागी भन्नाले :– पहिलो चरणमा २०७८ साल असार १० गते भित्र प्रसुति हुने गर्भवती महीला लाई जनाउछ, जस अनुसार २०७७।१०।२० अगाडी प्रसुति भई सकेका महिला को हकमा यो लागु हुने छैन तर आगामी आर्थिक वर्षहरुको हकमा पुरै आर्थिक वर्षको समय अवधिलाई जनाउँछ ।

(न) जिम्मेवार स्वस्थ्य कर्मि भन्नाले :– कार्यक्रम प्रयोजन को लागि प्रमुख प्रशासकीय अधिकृत ले सो कार्य गर्ने गरी तोकेको कर्मचारी तथा स्वास्थ्य कर्मि लाई मात्र जनाउछ ।

**३. मातृ तथा नवशिशु स्याहार मोडल कार्यक्रम** : लक्षीत गर्भवती महिला र निजवाट जन्मने शिशु दुवैको हितमुलक कार्यक्रमलाई जनाउछ, जस भित्र निम्न कार्यक्रम पर्दछन् ।

३.१ सुचकमा आधारीत भई लक्षीत गर्भवती महीलाको पहिचान गर्ने ।

३.२ निजको र निजका परिवारको सहमती प्राप्त गरी कार्यक्रम मा सहभागी गराउने ।

३.३ प्रसुति समय अघि पछि पोषणको ब्यबस्थापन गर्ने (पोषण भत्ता रकम तथा पोषणयुक्त खाद्य सामाग्री जनही १० हजार वरावर)

३.४. प्रसुति हुनु भन्दा १५ दिन अगाडी र प्रसुति पश्चात १५ दिन सम्म स्वास्थ्य सस्थामा ल्याई राख्ने, ( यातायात खर्च र वेड विस्तारा)

३.५. प्रसुती अगाडी र सो पश्चात को १५/१५ दिनको समय गरी १ महिना अस्पताल वा स्वास्थ्य सस्थामा रहदा पोषणयुक्त खानाको ब्यबस्थापन गर्ने (खाना, मासु, अण्डा दुध, फलफुल, हरलिक्स) लगाएत को खरीद गर्ने वा सो वापत प्रर्ति दिन ८००।० खर्च ।

३.६. सुचना प्रविधि इन्टरनेट, ल्याव सामाग्री, पावर ब्याकअप अर्न्तगत सोलार तथा जेनेरेटर लगाएतको उपकरण, न्यानो झोला, सेनीट्यारी प्याड, तथा प्रसुति गराउदा को लागि अत्यावश्यक सामग्री र औषधि, खरीद तथा ब्यबस्थापन गर्ने ।

३.७. चिकित्सक , स्टाफ नर्स, कार्यलय सहयोगी करार गर्ने वा भई राखेको वाट ब्यबस्थापन गर्ने

३.८. कार्यक्रम अवधि पश्चात निजहरुलाई घर पठाउदा प्रर्ति ब्यक्ती २ हजार यातायात खर्च र ६ हजार शिशु पोषण खर्च गरी प्रर्ति ब्यक्ती ८ हजार को दरले नगदै उपलब्ध गराउने ।

३.९. अस्पताल को सरसफाई तथा फोहोर मैला ब्यबस्थापन गर्ने ।

३.१०.गर्भवती तथा प्रसुति कुरुवा १/ १ जना लाई कुरुवा भत्ता (खाना खर्च को लागि) प्रदान गर्ने

३.११. सञ्चार, प्रसार प्रचार, मसलन्द, विविध, अनुगमन खर्च, आदी ब्यवस्थापन गर्ने

३.१२. कर्मचारी लाई थप प्रशिक्षण तथा प्रसुति गराउने कार्यमा प्रत्यक्ष खटीने कर्मचारी लाई मात्र अतिरिक्त भत्ता प्रदान गर्ने (चिकीत्सक, नर्श, ल्याव, कार्यलय सहयोगी)

३.१३. नवजात शिशुको कपडा, न्यानो झोला, हटकेश, थर्मश, दुधदानी आदी सामाग्री उपलब्ध गराउने ।

३.१४. अत्यावश्यक कार्यसञ्चालन को लागि पुर्वाधार निर्माण (वाटो, शौचालय, अस्थाई संरचना निर्माण आदी)

३.१५ जटिल प्रकृर्तिको गर्भवति लाई अन्यत्र प्रसुति गराउनको लागि रिफर गर्ने तथा सो को यातायात खर्च नवजात शिशुलाई विरामी भई अन्यत्र सिफारीस गर्नु पर्दा समेत सोही वरावर को रकम जनही ५ हजारका दरले उपलब्ध गराउने ।

**४. लक्षीत वर्गले व्यहोर्ने दायित्व तथा कार्यब्यबहार** : गर्भवती तथा प्रसुती महिला तथा नवशिशुका परिवार ले ब्यहोर्ने निम्न दायीत्व लाई जनाउछ :

४.१. कुरुवा, कुरुवा लगाएत गर्भवती प्रसुति महिला को कपडा, खाने भाडा, निजि वेड विस्तारा, नगदमा प्राप्त हुने भत्ता तथा सुविधा अर्न्तगत आफै ब्यबस्थापन गर्ने खाना, तथा पोषण युक्त खाना को ब्यबस्थापन

४.२. अस्पताल तथा स्वास्थ्य संस्था मा ल्याउदा तथा घरमा लादा को सवारी ब्यबस्थापन ।

४.३ जटिल प्रकृति तथा जोखीम युक्त प्रसुति गराउने परेमा अन्यत्र लैजाने तथा सो को ब्यबस्थापन

४.४ गर्भवती तथा प्रसुती महीला को पति, संरक्षक को नाममा बैंक खाता खोल्ने

४.५. कार्यालयले उपलब्ध गराएको रकम तथा खाद्य सामग्रीको सम्वन्धीतको लागि मात्र प्रयोग तथा उपयोग गर्ने अरुको लागि खर्च तथा दुरुपयोग नगर्ने ।

४.६. गर्भवती तथा सुत्केरी आमा तथा वञ्चाको स्याहार, रेखदेख, संरक्षण, माया सम्मान र अन्य कार्यहरु ।

४.७ अन्यत्र उपचार गर्न लैजानु पर्ने आदी कार्य ।

**५. लाभग्राही पहिचान तर्फ :–**

१. लक्षीत वर्ग लाई कार्यक्रम मा सहभागी गराउने गरी कार्यलय ले ७ दिने सुचना प्रकाशन तथा निवेदन संकलन गर्ने ।

**६. लाभग्राही छनौट समिति तर्फ** :

लक्षीत वर्ग लाभग्राही छनौट गर्न को लागि गाउँपालिका अध्यक्षको अध्यक्षतामा, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, स्वास्थ्य शाखा प्रमुख, र सामाजीक विकाश समिति को संयोजक र १ जना महिला कार्यपालीका सदस्य सहित को ६ जना को समिति रहने छ । सो समिति ले प्राप्त आवेदक लाई विभिन्न आधार र मापदण्ड समेत का आधारमा लाभग्राही छनौट गर्नु पर्ने छ ।

७. **भुक्तानी प्रकृर्या :–** कार्यलयले लक्षीत वर्ग लाई कार्यक्रम मा सहभागी भएको विस्तृत विवरण, संरक्षक को निवेदन र स्वास्थ्य शाखाको प्रगती सिफारीस र अनुगमन समिति को सिफारीस को आधारमा तोकीएको रकम मात्र बैंक खाता मार्फत भुक्तानी गर्ने ।

८. **अनुगमन समिति :–** यो कार्यक्रम को स्थलगत कार्य प्रगती लक्षीत को गुनासो, कमी कमजोरी विश्लेषण गरी कार्यक्रम मा सुधार तथा प्रभावकारी वनाउने गरी गाउँपालिका को अध्यक्ष को नेतृत्व मा , उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, स्वास्थ्य शाखा प्रमुख, सामाजीक विकाश समिति को संयोजक, लेखा प्रमुख र कार्यपालीका को महिला सदस्य सहित ७ जना को अनुगमन समिति गठन हुनेछ ।

९. **कार्यक्रम कार्यन्वयन समितिः–** यस कार्यक्रम लाई प्रभावकारी तथा उपलब्धी मुलक वनाउन को लागि यसको .संयोजन ब्यबस्थापन सञ्चालन को लागि प्रमुख प्रशासकीय अधिकृत को नेतृत्व मा लेखा शाखा प्रमुख, स्वास्थ्य शाखा प्रमुख, जिन्सी शाखा प्रमुख, थर्पु अस्पताल को प्रमुख, जामुने अस्पताल को प्रमुख सहित ६ जना को कार्यक्रम कार्यन्वयन समिति रहने छ ।

१०. **कार्यविधि लागु** : १) यो कार्यविधि २०७७ माघ २० देखि लागु हुनेछ ।

११. **कार्यविधिमा परिर्माजन तथा शंशोधन** : यस कार्यविधिको कार्यन्वयन मा कुनै समास्या देखियमा गाउँ कार्यपालिकाले आवश्यकता अनुसार परिमार्जन शंशोधन गर्न सक्नेछ ।

१२ **खारेजी** : यस कार्यविधिका कुनै दफा, उपदफा, लगाएत सवै खण्ड वा आंशिक खण्ड कुनै विषय प्रदेश कानुन र संघीय कानुन र अन्य कुनै कानुन वा स्वास्थ्य कार्यक्रम सग प्रत्यक्ष दोहोरो हुने गरी बाझियमा वा दोहेरो परेमा बाझियको हद सम्म अमान्य हुनेछ ।

म्याग्दे गाउँपालिका, तनहुँ

## अनुसूची १
## ( नियम ३ को ३.१ देखी ३.१५ सम्म को लागि )
## कार्यकमको बजेट तथा कार्यकम खर्चको ढाचा

गाउँपालिका ले कार्यकम को लागि प्राप्त शर्शत तर्फ को वजेट वाट तपशिल का कृर्याकलापमा वर्गिकरण गरी कुल प्राप्त वजेट लाई देहाएको तालिकामा उल्लेखीत प्रर्तिशतको दायरा भित्र रही आफैले कार्यकम सञ्चालन गर्न सक्नेछ ।

| सि.न. | कृर्याकलापहरु | लागत प्रतिसतमा | रकम रु |
|---|---|---|---|
| १ | सि.न. ३.१ र ३.२ को लागि अधिक्तम | १% | ५०,०००।० |
| २ | सि.न. ३.३ को लागि अधिक्तम रकम | ८% | ४०००००।० |
| ३ | सि.न. ३.४ को लागि अधिक्तम रकम | १०% | ५०००००।० |
| ४ | सि.न. ३.५ को लागि अधिक्तम रकम | १५% | ७५००००।० |
| ५ | सि.न. ३.६ को लागि अधिक्तम रकम | १२% | ६०००००।० |
| ६ | सि.न. ३.७ को लागि अधिक्तम रकम | ६% | ३०००००।० |
| ७ | सि.न. ३.८ को लागि अधिक्तम रकम | ६% | ३०००००।० |
| ८ | सि.न. ३.९ को लागि अधिक्तम रकम | २% | १०००००।० |
| ९ | सि.न. ३.१० को लागि अधिक्तम रकम | ७% | ३५००००।० |
| १० | सि.न. ३.११ को लागि अधिक्तम रकम | ४% | २०००००।० |
| ११ | सि.न. ३.१२ को लागि अधिक्तम रकम | ७% | ३५००००।० |
| १२ | सि.न. ३.१३ को लागि अधिक्तम रकम | ४% | २०००००।० |
| १३ | सि.न. ३.१४ को लागि अधिक्तम रकम | १२% | ६०००००।० |
| १४ | सि.न. ३.१५ को लागि अधिक्तम रकम | ६% | ३०००००।० |
| | जम्मा रकम रु | १००% | ५०,०००००।० |

म्याग्दे गाउँपालिका, तनहुँ